बैठक नं. ०२

आज मिति २०७७/०४/१६ गतेका दिन कोहलपुर नगरपालिका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितीमा निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | अनन्त~~सूर्य~~ (कुमार) पौड्याल | सचिव | |
| सहयोगी कर्मचारी | | | |
| १. | बीरबहादुर वि.के | अधिकृत | |
| २. | | | |
| ३. | | | |

## प्रस्ताव तथा निर्णयहरु :

**निर्णय नं. ०१**

प्रस्ताव नं.०१ मा छलफल गर्दा कोहलपुर नगरपालिका वडा नं.०८ पिपरीमा स्थित कृषि विकास बैंकको क्षेत्रिय तालिम केन्द्रमा संचालन भएको आईसोलेशन केन्द्रमा कोभिड-१९ बाट संक्रमित विरामीहरुले प्रयोग गरेका बेड विस्तरा, तन्ना, झ्यालको पर्दा लगायतका सामग्रीहरुलाई नष्ट गरी नयाँ खरिद गरिदिन हुन क्षेत्रिय कृषि तालिम केन्द्रवाट अनुरोध भएकोले सार्वजनिक खरिद ऐन/ नियमावली अनुसार उक्त सामग्रीहरु खरिद गरी हस्तान्तरण गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ०२**

प्रस्ताव नं.०२ मा छलफल गर्दा यस नगरपालिकाले विद्यालय र क्याम्पसमा स्थापना गरेका क्वारेन्टाईनहरु सो क्षेत्रवाट हटाउनु पर्ने भन्ने नेपाल सरकारको निर्णय अनुसार वडा नं.०२ मा निर्माणाधिन सामुदायिक आर्युवेद एवं प्राकृतिक अस्पतालमा आवश्यक पर्ने पुर्वाधार निर्माण गरी क्वारेन्टाईन तथा आईशोलेशन संचालन गर्नका लागि योग एवं प्राकृतिक स्वास्थ्य समाज नेपाल कोहलपुर-०२ लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०३**

प्रस्ताव नं.०३ मा छलफल यस कोहलपुर नगरपालिकाले करार कर्मचारी पदपूर्तीका लागि मिति २०७७/०२/२८ गते सुचना प्रकाशित गरेकोमा सो पदपूर्ती **"कोहलपुर नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५"** वमोजिम नै छनौट प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।